नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

## प्रविधि हस्तान्तरणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/१४)

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम योग्यता पुगेका **कोशी प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेश** भित्र सञ्चालनमा रहेका उत्पादनमूलक वा खनिजजन्य वस्तु प्रशोधन गर्ने वा प्राथमिक उत्पादन क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन गर्ने लघु, घरेलु तथा साना उद्योगलाई उत्पादन विस्तार, उत्पादकत्व अभिवृद्धि, उत्पादन विविधीकरण र प्रदूषण न्यूनीकरण गर्न कम्तिमा पाँच लाख र बढीमा जतिसुकै मूल्य पर्ने मेशिन/औजार/उपकरण खरिदमा लागत रकमको साठी प्रतिशत वा न्यूनतम तीन लाख देखि बढीमा दश लाखसम्म अनुदान रकम उपलब्ध गराइने भएकाले सो सीमाभित्रको प्रविधि आवश्यक भएका ईच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस केन्द्रको वेबसाईट https://www.mcsipc.gov.np मा रहेको प्रविधि हस्तान्तरण पोर्टल वा https://techtransfer.mcsipc.gov.np/login मा लगइन गरी प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्य विस्तृत जानकारीका लागि वेबसाइटमा प्रकाशित सूचना हेर्न तथा प्रस्ताव पेश गर्दा कुनै समस्या आइपरेमा मोबाइल नम्बर ९७४१६६३६५८ वा ९८१३४७८७०६ मा समेत सम्पर्क गर्न सकिने व्यहोरा सूचित गरिन्छ।

| | | |
|---|---|---|
| ९ | उद्योगले पछिल्लो तीन आ.व मा नाफा गरेबापत आयकर रकम तिरेको (कर चुक्ता प्रमाणपत्र) | १५ |
| ९.१ | गत तीन आ.व.को आयकर रकम जोडदा ५ लाख भन्दा बढी भएको | १५ |
| ९.२ | गत तीन आ.व.को आयकर रकम जोडदा १ देखि ५ लाख भित्र भएको | १० |
| ९.३ | गत तीन आ.व.को आयकर रकम जोडदा १ लाख भन्दा कम भएको | ६ |
| | जम्मा | १०० |

उद्योगको निरीक्षणः

केन्द्र आफै वा केन्द्रले तोकेको निकाय वा पदाधिकारीले उद्योगको स्थलगत निरीक्षण गर्न गराउन सक्नेछ । निरीक्षणका क्रममा उद्यमीबाट थप विवरण माग गर्न वा लिखित रूपमा स्पष्ट पार्नमा उद्योगले सहयोग गर्नुपर्नेछ ।

६. अनुदान रकम उपलब्ध नहुने अवस्थाः

- समयमा प्रविधि जडान नगरेमा,
- समयमा शोधभर्ना रकम माग नगरेमा,
- तोकिए बमोजिमका आवश्यक कागजातहरु पेश नगरेमा,
- स्पेशिफिकेशन बमोजिमको प्रविधि खरिद तथा जडान नगरेमा ।

७. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८२/१२/०४ गते राती १२ बजेसम्म हुनेछ।

८. प्रस्ताव पेश गर्ने तरिकाः

केन्द्रको वेबसाइट www.mcsipc.gov.np मा रहेको "प्रविध हस्तान्तरण पोर्टल" मा वा "सूचना केन्द्र" मेन्यु भित्र "प्रविधि आवेदन" ट्याबमा क्लिक गरी वा कुनै ब्रोजरमा https://techtransfer.mcsipc.gov.np/login टाइप गरी सो अनलाइन पोर्टलमा प्रवेश गर्नुपर्नेछ।

सो पोर्टलमा राखिएको युजर गाइड लिङ्कमा क्लिक गरी सो भिडियोले बताए अनुसार युजर आइडी बनाई सो मार्फत लग इन गरी अनलाईन माध्यमबाट प्रस्ताव पेश गर्नुपर्नेछ।

कुनै समस्या आइपरेमा मोबाइल नम्बर ९७४१६६३६५८ वा ९८१३४७८७०६ मा समेत सम्पर्क गर्न सकिनेछ।

९. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातः

(क) उद्योग दर्ता/नवीकरण प्रमाणपत्र,

(ख) उद्योगको ठेगाना परिवर्तन भएमा ठेगाना परिवर्तनको पत्र,

३. उद्योगको किसिमः

(क) उत्पादनमूलक उद्योग,

(ख) खनिजजन्य वस्तु प्रशोधन उद्योग,

(ग) प्राथमिक उत्पादनका क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन उद्योग

४. प्रविधि हस्तान्तरणको रकमको सीमाः

प्रविधि हस्तान्तरण कार्यक्रम लघु, घरेलु तथा साना उद्योगसँग लागत सहभागिताको आधारमा (उद्यमीको चालीस प्रतिशत र केन्द्रको साठी प्रतिशत) सञ्चालन गरिनेछ। प्रविधि खरिदका लागि प्रविधि हस्तान्तरणको रकम न्यूनतम तीन लाखदेखि अधिकतम दश लाख रुपैंयासम्म हुनेछ। छनोट भएका उद्योगलाई केन्द्रले स्वीकृत गरेको प्रविधिको लागत रकमको साठी प्रतिशत वा दश लाख मध्ये जुन कम हुन आउँछ त्यति रकम सोधभर्ना गरी उपलब्ध गराइनेछ।

५. मूल्याङ्कनका आधारः

प्रस्ताव मूल्याङ्कनको आधार देहाय बमोजिम हुनेछ । प्रस्तुत आधारहरु बमोजिमको अनलाइन आवेदन पोर्टलबाट आवेदन दिनुपर्ने भएकोले यथार्थ विवरणमात्र प्रविष्ट गर्नुपर्नेछ । उद्यमीले पेश गरेका प्रत्येक विवरण सम्बन्धी पुष्टाई हुने कागजातहरु अनिवार्य अपलोड/संलग्न गर्नुपर्नेछ ।

| क्र.स. | मूल्याङ्कनका आधारहरू | प्रदान गरिने अधिकतम अङ्क |
|---|---|---|
| १ | उद्योगको पूँजीगत संरचना (उद्योग दर्ता प्रमाणपत्र) | ५ |
| १.१ | साना उद्योग | ३ |
| १.२ | घरेलु उद्योग | ४ |
| १.३ | लघु उद्योग | ५ |
| २ | उद्योगमा लैङ्गिक तथा समावेशीकरण (स्वामित्व खुल्ने कागजात) | १५ |
| २.१ | महिला उद्यमीको स्वामित्वमा संचालन भएको | १० |
| २.२ | दलित, सीमान्तकृत, अल्पसंख्यक जनजाति, उद्यमीको स्वामित्वमा सञ्चालन गरेको | १३ |
| २.३ | अपांगता भएका उद्यमीको स्वामित्वमा संचालन भएको | १५ |
| २.४ | अन्य समुदायका उद्यमीको स्वामित्वमा संचालन भएको | ८ |
| ३ | प्रत्यक्ष रोजगारी सिर्जना (नियुक्ति पत्र र गत आर्थिक वर्षको तलवी भरपाई (बैंक स्टेटमेन्ट) | ५ |
| ३.१ | ७ जनाभन्दा बढी | ५ |
| ३.२ | ४-७ जनासम्म | ४ |

**कोशी प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेशका लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधि हस्तान्तरणका लागि प्रस्ताव पेश गर्ने बारे गोरखापत्र दैनिकमा मिति २०८२/११/१४ मा प्रकाशित सूचनासम्बन्धी विस्तृत विवरण**

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम योग्यता पुगेका **कोशी प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेशका** भित्र सञ्चालनमा रहेका उत्पादनमूलक वा खनिजजन्य वस्तु प्रशोधन गर्ने वा प्राथमिक उत्पादन क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन गर्ने लघु, घरेलु तथा साना उद्योगलाई उत्पादन विस्तार, उत्पादकत्व अभिवृद्धि, उत्पादन विविधीकरण र प्रदूषण न्यूनीकरण गर्न कम्तिमा पाँच लाख र बढीमा जतिसुकै मूल्य पर्ने मेशिन/औजार/उपकरण खरिदमा लागत रकमको साठी प्रतिशत वा न्यूनतम तीन लाख देखि बढीमा दश लाखसम्म अनुदान रकम उपलब्ध गराइने भएकाले सो सीमाभित्रको प्रविधि आवश्यक भएका ईच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस केन्द्रको वेवसाईट https://www.mcsipc.gov.np मा रहेको प्रविधि हस्तान्तरण पोर्टल वा https://techtransfer.mcsipc.gov.np/login मा लगइन गरी प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्य विस्तृत जानकारी तथा शर्तहरु देहायमा उल्लेख गरिएको छ।

१. कार्यक्रम सञ्चालनको स्थान र क्षेत्रः

यस कार्यक्रममा **कोशी प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा** सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगले प्रस्ताव पेश गर्न सक्नेछन्।

२. उद्योगको न्यूनतम योग्यताः

प्रस्ताव पेश गर्न ईच्छुक उद्योगले कार्यविधिको दफा ५ बमोजिम देहायको न्यूनतम योग्यता पुरा गरेको हुनुपर्नेछ। अन्यथा मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन।

(क) प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता भई सम्बन्धित प्रदेशमा सञ्चालनमा रहेको,

(ख) प्राइभेट फर्म ,साझेदारी फर्म ,कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको,

(ग) स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर नम्बर लिएको,

(घ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र लिएको,

(ङ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम होल्डिङ्ग तथा लगानी कम्पनीको रूपमा दर्ता नभएको।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

| | | |
|---|---|---|
| ३.३ | १-३ जनासम्म | ३ |
| ३.४ | संचालक मात्र रोजगार भएमा | २ |
| ४ | उद्योग सञ्चालन अवधि (उद्योग दर्ता प्रमाणपत्र) | १० |
| ४.१ | ८ वर्षभन्दा बढी | १० |
| ४.२ | ५-८ वर्षसम्म | ८ |
| ४.३ | ३-५ वर्षसम्म | ६ |
| ४.४ | १-३ वर्षसम्म | ४ |
| ४.५ | ०-१ वर्षसम्म | २ |
| ५ | भौगोलिक क्षेत्र (उद्योग दर्ता/ठाउँसारी प्रमाणपत्र) | १५ |
| ५.१ | गाउँपालिकामा संचालित उद्योग | १५ |
| ५.२ | नगरपालिकामा संचालित उद्योग | १३ |
| ५.३ | उम/महानगरपालिकामा संचालित उद्योग | १० |
| ६ | व्यावसायिक प्रस्ताव | २० |
| ६.१ | उत्पादन विविधीकरण गर्न प्रविधि प्रस्ताव गरेको | २० |
| ६.२ | उत्पादन वृद्धि गर्न प्रविधि प्रस्ताव गरेको | १५ |
| ६.३ | मौजुदा प्रविधिको प्रतिस्थापन मात्रै प्रस्ताव गरेको | १० |
| ६.४ | वातावरण प्रदुषण न्यूनीकरणको प्रस्ताव गरेको | ८ |
| ६.५ | प्रस्ताव प्रष्ट नभएको | ५ |
| ७ | बौद्धिक सम्पत्ति दर्ता/अनुमति) दर्ता प्रमाणपत्र( | ५ |
| ७.१ | पेटेण्ट स्वीकृत गरेको | १ |
| ७.२ | ट्रेडमार्क स्वीकृत गरेको वा अस्थाई प्रमाणपत्र प्राप्त गरेको | ३ |
| ७.३ | डिजाइन स्वीकृत गरेको | १ |
| ८ | प्राविधिक क्षमता (उद्योगी तथा उद्योगमा कार्यरत कर्मचारीले लिएको व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्र) | १० |
| ८.१ | उद्योगी वा उद्योगमा कार्यरत कामदारले सो उद्योग सम्बन्धी व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको | १० |
| ८.२ | उद्योगी वा उद्योगमा कार्यरत कर्मचारीले सो उद्योग सम्बन्धी व्यवस्थापन तालिम लिएको | ८ |
| ८.३ | उद्योगी वा उद्योगमा कार्यरत कर्मचारीले सो उद्योग सम्बन्धी सीप अभिबृद्धी तालिम लिएको | ६ |
| ८.४ | कुनै किसिमको तालिम नलिएको | ४ |

(ग) उद्योगको पुँजी परिवर्तन भएमा पुँजी परिवर्तनको पत्र,

(घ) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,

(ङ) उद्योगको गत आव. को कर चुक्ता प्रमाणपत्र,

(च) उद्योगको स्थापना अवधि तीन वर्ष भन्दा बढी भएमा गत तीन आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(छ) उद्योगमा कार्यरत जनशक्तिलाई नियुक्ति दिएको भएमा नियुक्ति पत्र र तलब भुक्तानीको प्रमाण (गत आर्थिक वर्षको तलवी भरपाई वा बैंक स्टेटमेन्ट) सम्बन्धी प्रमाणित कागजातहरु,

(ज) उद्योगमा कार्यरत जनशक्तिले व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको भएमा व्यवस्थापन वा सीप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्र,

(झ) बौद्धिक सम्पति दर्ता गरेको भएमा सोको प्रमाणपत्र वा अस्थाई ईजाजतपत्र (पेटेण्ट/डिजाईन/ट्रेडमार्क),

(ञ) उद्योगको स्वामित्वमा महिला, अपाङ्ग वा दलितको हिस्सेदारी भएमा सो पुष्टि हुने कागजात र उद्योगमा स्वामित्व खुल्ने कागजात,

(ट) प्रस्ताव मूल्यांकनको लागि आवश्यक पर्ने कागजातहरु

१०. कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत जानकारीका लागि केन्द्रको वेबसाइटमा रहेको "प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" अध्ययन गर्न सकिनेछ। साथै कार्यक्रम सम्बन्धी अद्यावधिक जानकारीका लागि केन्द्रको वेवसाइटको सूचना पाटीमा राखिने सूचना हेरी स्वयम् उद्योगले प्राप्त गर्नुपर्नेछ। यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिनेछैन।